आज मिति २०८३ वैशाख २१ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०१ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | वडा अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत |
| श्री सरीता हमाल | सूचना प्रविधि अधिकृत |
| श्री डिल कुमारी राना | कार्यालय सहयोगी |

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | फोहोरमैला व्यवस्थापन सम्बन्धमा। |
| २. | भूमि तथा नापी कार्यालय सम्बन्धमा। |
| ३. | विविध सम्बन्धमा। |

## मिति २०८३।०१।२१ गतेको १०१ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १: फोहोरमैला व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको फोहोरमैला प्रशोधन केन्द्र सन्चालन गर्ने क्षेत्रको जग्गाको भोगाधिकार लिने सम्बन्धमा भेरीगंगा नगरपालिका वडा नं. १२ को झिंगेनारा स्थित रामजानकी सामुदायिक वन क्षेत्रको पूर्वमा सिकारीडाँडा, पश्चिममा रत्नराजमार्ग, उत्तरमा ठाडो खोल्सा र दक्षिणमा झिंगेनारा यती चारकिल्ला भित्रको करिव १.५ हेक्टर जग्गा विगतमा यस भेरीगंगा नगरपालिकाको कार्यालय र रामजानकी सामुदायिक वन उपभोक्ता समितिविच सम्झौता भई हाल भेरीगंगा नगरपालिका कार्यालयको फोहोरमैला प्रशोधन केन्द्र रहेको जग्गाको भोगाधिकार प्राप्तीका लागि नेपाल सरकार समक्ष आवश्यक प्रकृया अगाडि बढाइदिनका लागि कर्णाली प्रदेश उद्योग पर्यटन वन तथा वातारवण मन्त्रालय, सुर्खेतलाई अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : भूमि तथा नापी कार्यालय सम्बन्धमा।**

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारको सुचना अनुसार नगरपालिका आफैले भूमि प्रशासन सम्बन्धी कार्य गर्नका लागि यस भेरीगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई कुनैपनि आर्थिक भार नपर्ने गरि त्यसमा आवश्यक जनशक्ति संघीय सरकारबाट व्यवस्थापन हुने गरि मालपोत तथा नापी कार्यालय मागको लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा।**

**निर्णय नं. ३(क) :** यस भेरीगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा आवश्यक रिक्त जनशक्ति पूर्ति गर्न एम्बुलेन्स चालक १(एक) (मैनतडा स्वास्थ्य चौकी), सुस्वा परियोजना अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता संयोजक १(एक) र विद्यालय नर्स १ (एक) जनाको पदपूर्तीका लागि विज्ञापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ३(ख) :** यस भेरीगंगा नगरपालिका नगरकार्यपालिका कार्यालयमा आर्थिक वर्ष २०८१/०८२ को ठेक्का नं. BGM/NCB/2081/082 मा रत्नराजमार्ग देखि थानीचौर जोड्ने सडक कालोपत्रे भेरीगंगा १० र किन्जल खाजा घर देखि गोलपार्क जोड्ने सडक स्तरउन्नती भेरीगंगा ०९ को ठेक्का सम्बन्धी आयोजना सञ्चालन गर्दै आएकोमा पटक पटक वर्षाको कारण निर्माण कार्यमा समस्या आएको भनी अध्यारो उज्यालो निर्माण सेवा प्रा.लि. ले मिति २०८३/०१/०८ गते दिएको निवेदनका अनुसार मिति २०८३ बैशाख मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

२०८३।०१।२१
हरि बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

यज्ञ प्रसाद ढकाल
नगर प्रमुख

CamScanner

**निर्णय नं. ३(ग) :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२, मिति २०८३/०१/०७ गतेको पत्र बमोजिम भेरीगंगा नगरपालिका भित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धी यस भेरीगंगा नगरपालिकाले ३५(पैतिस) दिने सूचना जारी गर्ने र यस अधि सुचना जारी गरिसकेका क्षेत्रको पुनः दोस्रो पटक सुचना जारी गर्ने र सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ३(घ) :** यस भेरीगंगा नगरपालिकाले फोहोरमैला प्रशोधन केन्द्र सन्चालन गर्न भेरीगंगा १२ को रामजानकी सामुदायिक वनको झिंगेनारा क्षेत्रमा फोहोर प्रशोधन गरि कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने, पुन:चक्रण गर्ने, विक्री गर्न मिल्नेलाई पुनः नयाँ बनाई विक्री गर्नको लागि उद्योग निर्माण गर्न विद्युत जडान, मेसिन तथा अन्य सामाग्री खरिद लयागतको सन्चालन कार्य गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने बजेट व्यवस्था गर्ने र फोहोरमैला प्रशोधन कार्य सन्चालन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

२०८३/८/१२९

राज प्रसाद ढकाल
नगर प्रमुख